# आकाशवाणी समाचार- नेपाली

मितिः ४ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले नव नियुक्त राज्य प्रशासनिक अधिकारिहरूलाई आर्टिफिशियल इंटेलीजेंस, ई-गवर्नेंस अनि डिजिटल व्यवस्थामा नवाचारहरुलाई अपनाउने आग्रह गर्नुभएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले योग दिवस-२०२५ प्रति मानिसहरूको उत्साह देखेर आफू खुसी भएको बताउनु भएको छ।

- इन्डिया ब्लकका सहयोगीहरूले पहलगाम आतंकवादी हमला र अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद बिरुद्ध देशको प्रतिक्रियालाई लिएर संसदको विशेष सत्रको माग गरेका छन्।

- भारतीय जनता पार्टीले लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले अपरेशन सिन्दूरलाई कथित रूपमा कम महत्त्व दिएको आरोप लगाएको छ।

- आईपीएल क्रिकेटमा रोयल च्यालेन्जर्स बैंगलोरले पहिलो पटक इन्डियन प्रिमियर लिग ट्रफी जितेको छ।

## राष्ट्रपति-सिविल अधिकारी

राष्ट्रपति द्रौपदी मुर्मुले नव नियुक्त राज्य प्रशासनिक अधिकारिहरूलाई आर्टिफिशियल इंटेलीजेंस, ई-गवर्नेंस अनि डिजिटल व्यवस्थामा नवाचारहरुलाई अपनाउने आग्रह गर्नुभएको छ। राष्ट्रपतिले नयाँ दिल्लीको लाल बहादुर शास्त्री राष्ट्रीय प्रशासनिक अकादमीमा 127 औ प्रशिक्षण कार्यक्रममा भाग लिइरहेका राज्य सिविल सेवा अधिकारिहरुलाई संबोधित गर्ने क्रममा यस्तो मन्तब्य पोख्नु भएको हो। राष्ट्रपति मुर्मुले अधिकारिहरुसित आफ्नो आचरणमा ईमानदारी, कार्‍यमा पारदर्शिता अनि उत्तरदायित्व बनाए राख्ने आग्रह गर्नुभयो।

****** ० ******

## प्रधानमन्त्री- योग

प्रधानमन्त्री नरेन्द्र मोदीले योग दिवस-२०२५ प्रति मानिसहरूको उत्साह देखेर आफू खुसी भएको बताउनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्ट गर्दै श्री मोदीले योगन्ध्र-२०२५, आन्ध्र प्रदेशका जनताले योगलाई लोकप्रिय बनाउन गरेको प्रशंसनीय प्रयास भएको बताउनु भयो। प्रधानमन्त्रीले मानिसहरूलाई योग दिवस मनाउन र योगलाई आफ्नो जीवनको नियमित हिस्सा बनाउन आह्वान गर्नुभयो। श्री मोदीले यस महिनाको २१ तारिखमा आन्ध्र प्रदेशमा योग दिवस मनाउन आफू उत्सुक रहेको पनि बताउनु भयो।

****** ० ******

## जम्मू-प्रधानमन्त्री-रेल लिंक

प्रधानमन्त्री नरेन्द्र मोदीले जुन ६ मा कटराबाट बहुप्रतिक्षित कटरा-श्रीनगर रेल लिंकको उद्घाटन गर्नुहुनेछ। यो जम्मू-कश्मीरको रेल कनेक्टिभिटीमा एक प्रमुख कोसेढुङ्गा साबित हुनेछ। प्रधानमन्त्रीले विश्वको सबैभन्दा अग्लो रेल पुल - चेनाब रेल पुलको पनि उद्घाटन गर्नुहुनेछ। यसबाहेक, प्रधानमन्त्रीले रियासी जिल्लामा पहिलो केबल स्टे रेलवे ब्रिज-अंजी खाद ब्रिजको पनि उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले कटरा स्टेडियममा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ।

****** ० ******

**रेलवे-केरला**

रेलवे मन्त्री अश्विनी वैष्णवले केरलाका मुख्यमन्त्री पिनाराई विजयनसँग प्रमुख परियोजनाहरूबारे छलफल गर्नुभयो र भूमि अधिग्रहण, विशेष गरी अंगमली-एरुमेली रेलवे परियोजना र राज्यमा स्वीकृत सडक ओभर ब्रिज र सडक अन्डर ब्रिजहरूको लागि सहयोगको लागि अनुरोध गर्नुभयो। सामाजिक सञ्जालको एक पोस्टमा, श्री वैष्णवले भन्नुभयो नरेन्द्र मोदी सरकारले केरलामा रेल बजेट २००९ देखि २०१४ सम्मको औसत ३७२ करोड रुपैयाँबाट बढाएर आर्थिक वर्ष २०२५-२६ मा ३ हजार ४२ करोड रुपैयाँ पुऱ्याएको छ। उहाँले भन्नुभयो, रेलवे मन्त्रालयले उत्तरदेखि दक्षिण केरलासम्म तेस्रो र चौथो लाइनमा काम गरिरहेको छ, जसले यात्री र सामान दुवैलाई रेलबाट आवतजावत गर्ने सुबिधा दिन्छ।

****** ० ******

**भाजपा-कांग्रेस**

भारतीय जनता पार्टीले लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले अपरेशन सिन्दूरलाई कथित रूपमा कम महत्त्व दिएको आरोप लगाएको छ। सामाजिक सञ्जालमा एक भिडियोमा पार्टीका सांसद सम्बित पात्राले आरोप लगाउनु भएको छ कि श्री गान्धीले अपरेशन सिन्दूर, भारतीय सेना र देशको अपमान गरेका छन्। भोपालमा हिजो एक कार्यक्रममा यस सम्बन्धमा कांग्रेस नेताको टिप्पणीप्रति प्रतिक्रिया जनाउँदै श्री पात्राले भन्नुभयो यो कुनै पनि राजनीतिज्ञ वा विपक्षी नेतालाई शोभा दिदैन। श्री पात्राले भन्नुभयो पहलगाममा भएको आतंकवादी हमलाको बदला आणविक शक्ति सम्पन्न देशमा प्रवेश गरेर नौ आतंकवादी लुक्ने ठाउँहरू नष्ट गरेर र १०० भन्दा बढी आतंककारीहरूलाई मारेर लिइएको थियो। उहाँले बदला लिने कारबाहीको क्रममा ११ पाकिस्तानी एयरबेसहरू ध्वस्त पारिएको जानकारी दिए । श्री पात्राले भन्नुभयो भारतले कहिल्यै आतंकवादको अगाडि आत्मसमर्पण गरेको छैन।

****** ० ******

**मिस्री ब्रिटेन सरकार**

विदेश सचिव विक्रम मिस्रीले विदेश, राष्ट्रमंडल अनि विकास कार्यालयमा स्थायी अवर सचिव ओलिवर रॉबिंसको साथ आफ्नो बैठकको समय आतंकवाद बिरुद्ध भारतको लड़ाईमा नयाँ दिल्ली प्रति ब्रिटेन सरकारको एकजुटता अनि समर्थनको अभिव्यक्तिका लागि सराहना गर्नुभयो। नयाँ दिल्लीमा आयोजित 17 औ भारत-ब्रिटेन विदेश परामर्श कार्यालय अनि प्रथम रणनीतिक निर्यात र प्रौद्योगिकी सहयोग वार्ता अवधि चर्चा गरियो। विदेश मंत्रालयद्वारा जारी एक बयानमा भनिएको छ, भारत अनि ब्रिटेन व्यापक रणनीतिक साझेदार हो। बयान भनिएको छ विदेश सचिव अनि ब्रिटेनको स्थायी अवर सचिवले व्यापार, निवेश अनि वित्तीय क्षेत्र, रक्षा र सुरक्षा, आतंकवाद निरोध, प्रौद्योगिकी, विज्ञान, नवाचार, हरित ऊर्जा, जलवायु, स्वास्थ्य, शिक्षा अनि जनता बीच संबंधमा सहयोगलाई मजबूत गर्ने माथि चर्चा गरेको छ|

****** ० ******

**इंडिया ब्लक - सत्र**

इन्डिया ब्लकका सहयोगीहरूले पहलगाम आतंकवादी हमला र अपरेशन सिन्दूर अन्तर्गत आतंकवाद बिरुद्ध देशको प्रतिक्रियालाई लिएर संसदको विशेष सत्रको माग गरेका छन्। इंडिया ब्लकको बैठक हिज नयाँ दिल्लीमा आयोजना गरिएको थियो जसमा शिव सेना (यूबीटी), आरजेडी, कांग्रेस, सपा, टीएमसी लगायत यसका सदस्यहरूले भाग लिएका थिए। सोह्र राजनीतिक दलहरूले संसदको विशेष सत्र बोलाउन प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखेका छन्। राज्यसभाका विपक्षी नेता मल्लिकार्जुन खडगेले भन्नुभयो आतंकवादी हमला, नागरिकको हत्या, युद्धविरामको घोषणा र राष्ट्रिय सुरक्षा र विदेश नीतिमा यसको प्रभावको बारेमा देशसँग गम्भीर प्रश्नहरू छन्।

****** ० ******

**विशेष फीचर - परमवीर चक्र**

**ऑपरेशन सिंदूर** को सफलताको उत्सव बीच, राष्ट्रले भारतीय सैनिकहरुको वीरतालाई नमन गरिरहेको छ। सशस्त्र बलहरुको शौर्यको स्मृतिमा, **आकाशवाणी समाचार ले** विशेष श्रृंखला प्रसारण गरिरहेको छ। आज यस श्रृंखलामा, हामी परमवीर चक्र द्वारा सम्मानित नायक जदुनाथ सिंहलाई स्मरण गरिरहेको छौँ उहाँले 1947-48 को भारत-पाकिस्तान युद्धमा सर्वोच्च बलिदान दिनुभएको थियो।

**देहरादून-गडकरी**

उत्तराखंडमा रोपवे परियोजनाहरुको प्रगतिको समीक्षाका लागि देहरादूनमा केंद्रीय मंत्री नितिन गडकरीको अध्यक्षतामा बैठक भएको छ। यस बैठकमा केंद्र सरकार द्वारा स्वीकृत परियोजनाहरु अनि राज्य सरकार द्वारा प्रस्तुत नयाँ रोपवे प्रस्तावहरुमाथि चर्चा भयो। मुख्यमंत्री पुष्कर सिंह धामीले भन्नुभयो, प्रधानमंत्री नरेंद्र मोदीको कुशल नेतृत्वमा "डबल इंजन" सरकार राज्यको धार्मिक अनि पर्यटन स्थलहरुलाई रोपवे कनेक्टिविटीको माध्यमबाट जोडेर तीर्थाटनलाई बढ़ावा दिन  प्रतिबद्ध छ।

****** ० ******

**देहरादून-गडकरी**

उत्तराखंडमा रोपवे परियोजनाहरुको प्रगतिको समीक्षाका लागि देहरादूनमा केंद्रीय मंत्री नितिन गडकरीको अध्यक्षतामा बैठक भएको छ। यस बैठकमा केंद्र सरकार द्वारा स्वीकृत परियोजनाहरु अनि राज्य सरकार द्वारा प्रस्तुत नयाँ रोपवे प्रस्तावहरुमाथि चर्चा भयो। मुख्यमंत्री पुष्कर सिंह धामीले भन्नुभयो, प्रधानमंत्री नरेंद्र मोदीको कुशल नेतृत्वमा "डबल इंजन" सरकार राज्यको धार्मिक अनि पर्यटन स्थलहरुलाई रोपवे कनेक्टिविटीको माध्यमबाट जोडेर तीर्थाटनलाई बढ़ावा दिन  प्रतिबद्ध छ।

**महाराष्ट्र - मुख्यमन्त्री (PMAY-G)**

महाराष्ट्रमा ग्रामीण आवासलाई बढावा दिन, केन्द्र सरकारले आर्थिक वर्ष २०२५-२६ को लागि प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत राज्यको लागि थप एक करोड उनासी हजार नौ सय सत्तर घरहरू स्वीकृत गरेको छ। मुख्यमन्त्री देवेन्द्र फडणवीसले सामाजिक सञ्जालमा यो समाचार साझा गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानलाई निरन्तर सहयोगको लागि धन्यवाद दिनु भएको छ।

**दक्षिण कोरियाको चुनावी नतिजा**

दक्षिण कोरियाको अर्को राष्ट्रपति ली जे-म्यांग हुनेछन्। आकस्मिक भएको चुनावपछिको आधिकारिक नतिजाले विपक्षी नेता तथा डेमोक्रेटिक पार्टीका उम्मेदवार ली जे- म्यांग आफ्ना मुख्य प्रतिद्वन्द्वीभन्दा धेरै अगाडि रहेको देखाएको छ। सत्तारुढ कन्जरभेटिभ पिपुल्स पावर पार्टीका किम मुन-सूले एक भाषणमा हार स्वीकार गरे र ली जे-म्यांगलाई विजय बनेकोमा बधाई दिनु भयो।

**आईपीएल – क्रिकेट**

रोयल च्यालेन्जर्स बैंगलोरले पहिलो पटक इन्डियन प्रिमियर लिग ट्रफी जितेको छ। हिजो राति अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिएको फाइनल खेलमा बैंगलोरले पञ्जाब किंग्सलाई ६ रनले पराजित गरे। पहिलो पटक आईपीएल उपाधि जितेकोमा टोलीका कप्तान रजत पाटीदारले जितको हकदार विराट कोहली र टोलीका सबै फ्यानहरू रहेको बताए।

पहिले ब्याटिङ गर्दै, रोयल च्यालेन्जर्स बैंगलोर-आरसीबीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १९० रन बनायो। विराट कोहलीले सर्वाधिक ४३ रन बनाए भने कप्तान पाटीदारले २६ रनको योगदान दिए। पञ्जाब किंग्सका लागि अर्शदीप सिंह र काइल जेमिसनले ३-३ विकेट लिए। जवाफमा पञ्जाब किंग्सले निर्धारित २० ओभरमा १८४ रन मात्र बनाउन सक्यो, जसमा शशांक सिंहले अविजित ६१ रनको योगदान दिए। क्रुणाल पाण्ड्याको स्पेल आरसीबीको लागि खेल परिवर्तनकर्ता थियो। उनले आफ्नो ४ ओभरमा केवल १७ रन दिएर २ महत्वपूर्ण विकेट पनि लिए। पाण्ड्यालाई उनको उत्कृष्ट बलिङको लागि प्लेयर अफ द म्याच प्रदान गरियो।

खेलपछिको प्रस्तुतिमा, गुजरात टाइटन्सका साई सुदर्शनले सबैभन्दा धेरै रन बनाएकोमा ओरेन्ज क्याप अवार्ड जिते भने उनका सहकर्मी प्रसिद्ध कृष्णले यस सिजनमा सबैभन्दा धेरै विकेट लिएकोमा पर्पल क्याप अवार्ड जिते। मुम्बई इन्डियन्सका सूर्य कुमार यादवलाई प्रतियोगिताभर उत्कृष्ट ब्याटिङको लागि मोस्ट भ्यालुएबल प्लेयर अवार्ड प्रदान गरियो।

****** ० ******